"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८३/०८४
चलानी नम्बरः- ०१

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

## सरूवा सहमतिका लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना!

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/२६)

सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, धनगढी, कैलालीको च.नं. १५९८, मिति २०८३/०१/११ गतेको सरुवासम्बन्धी परिपत्र तथा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ बमोजिम अन्तर-स्थानीय तह कर्मचारी सरुवासम्बन्धी व्यवस्था कार्यान्वयनमा आएकाले यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरूमा देहायबमोजिमका पदहरू रिक्त रहेको हुँदा प्रदेश अन्तर्गतका स्थानीय तहमा कार्यरत कर्मचारीहरूवाट सरुवा सहमतिका लागि निवेदन आव्हान गरिएको छ।

अतः यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रिक्त रहेका पदमा अन्तर-स्थानीय तहहरूबाट समान तह र पदमा सरुवा भई आउन इच्छुक कर्मचारीहरुले हाल आफू कार्यरत कार्यालयको सरुवा सहमति पत्र लगायत आवश्यक कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः

| क्र.सं. | सेवा | समुह | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | स्थानीय प्रशासन | लेखा | लेखा अधिकृत | ७/८ | १ जना | |
| २. | स्थानीय प्रशासन | लेखा | लेखापाल | ५/६ | १ जना | |
| ३. | स्थानीय प्रशासन | लेखा | सहायक लेखापाल | ४ | १ जना | |
| ४. | स्थानीय प्रशासन | लेखा | आ.ले.प | ७/८ | १ जना | |
| ५. | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासकीय अधिकृत | ७/८ | १ जना | |
| ६. | स्थानीय प्रशासन | सामान्य प्रशासन | बरिष्ठ सहायक | ५/६ | ४ जना | |
| ७. | स्थानीय प्रशासन | सामान्य प्रशासन | सहायक | ४ | ९ जना | |
| ८. | इन्जिनियरिङ्ग | सिभिल | अ.सब इन्जिनियर | ४ | २ जना | |

..............................
(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
सूचना प्रविधि शाखाः नगरपालिकाको आधिकारिक Facebook Page र Website मा राख्नुहुन।

प्रमुख प्रशासकिय अधिकृत

व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन
फोनः ०९६४११००४, फ्याक्सः ०९६४११००४
ईमेलःparshurammun@gmail.com, वेवसाइटःhttp://www.parshurammun.gov.np